जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १७७ २०८२ साल फागुन १ गते शुक्रबार (13 Feb 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : "गणतान्त्रिक नेपालमा राजनीति, ... ३ पृष्ठमा : उन्नत लोकतन्त्रका लागि ... ३ पृष्ठमा : जेन-जी विद्रोहपछि ...

## कार्यसम्पादन मूल्यांकनमा सुरुङ्गा प्रथम, तिलाठी कोईलाडी दोस्रो







**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरीको १८ वटा स्थानीय तह मध्ये कार्यसम्पादन मूल्यांकनमा सुरुङ्गा नगरपालिका प्रथम भएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बिहीबार सार्वजनिक गरेको स्थानीय सरकारको कार्य सम्पादन मूल्यांकनको नतिजामा उल्लेख छ । यसैगरी तिलाठी कोईलाडी गाउँपालिका भने दोस्रो स्थानमा रहेको छ ।

जिल्लाको ९ वटा नगरपालिकामा सुरुङ्गा प्रथम भएको छ भने ९ वटा गाउँपालिकातर्फ तिलाठी कोईलाडी प्रथम भएको हो ।

सप्तरीको सुरुङ्गा नगरपालिकाले सबैभन्दा बढी ६५ दशमलव ३८ अंक ल्याएको छ भने तिलाठी कोईलाडी गाउँपालिकाले ६३ दशमलव २३ अंक प्राप्त गरेको आयोगद्वारा प्रकाशित नतिजामा उल्लेख छ ।

यस्तै नगरपालिकातर्फ बोदे बर्साइनले ६२ दशमलव ९४, सप्तकोशीले ५२ दशमलव ४७, खड्कले ५० दशमलव ५५, हनुमाननगर कंकालिनीले ४६ दशमलव ६४, कंचनरुपले ४४ दशमलव ८३, डाक्नेश्वरले ४२ दशमलव १९, राजविराजले ३९ दशमलव ३९ र शम्भुनाथ नगरपालिकाले ३७ दशमलव ५६ अंक प्राप्त गरेको छ ।

नगरपालिकातर्फ सबैभन्दा कम शम्भुनाथ नगरपालिकाले ३७ दशमलव ५६ अंक प्राप्त गरेको छ भने राजविराज नगरपालिकाले आठौं स्थानमा रहँदै ३९ दशमलव ३९ अंक प्राप्त गरेको छ ।

यसैगरी गाउँपालिकातर्फ राजगढले ५६ दशमलव ८२, महादेवाले ४७ दशमलव ८८, विष्णुपुर गाउँपालिकाले ४७ दशमलव ८६, छिन्नमस्ताले ४६ दशमलव ६४, बलान बिहुलले ४६ दशमलव ३१, रुपनीले ४३ दशमलव २०, तिरहुतले ४२ दशमलव ९४ र अग्नीसाइर कृष्णासबरण गाउँपालिकाले ३८ दशमलव ८१ अंक प्राप्त गरेको आयोगले सार्वजनिक गरेको नतिजामा उल्लेख छ ।

गाउँपालिकातर्फ सबैभन्दा कमजोर अग्नीसाइर कृष्णासबरण गाउँपालिकाको कार्यसम्पादन देखिएको छ ।

स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकनका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले १७ वटा सूचकको प्रगतिका आधारमा अंक प्रदान गर्ने गरेको छ । गाउँ कार्यपालिका/नगर कार्यपालिकाले २०८२ असार १० गतेभित्र आर्थिक बर्ष २०८२/०८३ को राजस्व र ब्ययको अनुमान सम्बन्धित गाउँ/नगर सभामा पेश गरे/नगरेको, गाउँ कार्यपालिका/नगर कार्यपालिकाले आर्थिक बर्ष २०८२/०८३ को राजस्व र ब्ययको अनुमान सम्बन्धित गाउँ सभाबाट २०८२ असार मसान्तभित्र पारित गरे/नगरेको, स्थानीय तहले आर्थिक बर्ष २०८१/८२ मा घर जग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको भनी आयोगले सूचक तोकेको छ ।

## एक करोड ५७ लाख ७८ हजार मतपत्र छपाइ

काठमाडौं, २९ माघ (रासस) ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ५८ जिल्लाका १२४ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ । बिहीबारसम्म एक करोड ५७ लाख ७८ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले राससलाई जानकारी दिनुभयो ।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा र सिन्धुपाल्चोक गरी ५८ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो । बुधबारसम्म ५३ जिल्लाको मतपत्र छपाइ सकिएको थियो ।

बिहीबार थप पाँच जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ । यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उहाँले

***बाँकी तीन पृष्ठमा***

## नयाँ-नयाँ शैलीमा चुनावी प्रचार प्रसार

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

निर्वाचनको मिति नजिकिदै जाँदा सप्तरीमा उम्मेदवारहरु नयाँ नयाँ शैलीमा प्रचार प्रसार गर्न थालेका छन् । उनीहरु प्रचार प्रसार अन्तरगत घरदैलो, भेला, भेटघाट, पत्रकार सम्मेलन, रोड शो लगायतका गतिविधी गरेर मतदातालाई आफ्नो पक्षमा पार्न लागिपरेका छन् ।

यस क्रममा अहिले उम्मेदवारहरु आ-आफनो नेता/कार्यकर्ताका साथ घरदैलो कार्यक्रम समेत गरिरहेका छन । कतिपय उम्मेदवारहरु मतदाताको घर



र पसलमा मात्र होइन, खेतवारी, विवाह र प्रतियोगिता स्थलसम्म पुगेर मतदाता रिझाउने प्रयास गरिरहेका छन । तर कतिपय उम्मेदवारहरु फरक र अनौठो शैलीमा मतदाता रिझाउने प्रयासमा जुटेको रोचक दृष्यहरु पनि यहाँ देखिन थालेको छ ।

यस मध्ये एक हुन सप्तरीको क्षेत्र नं. २ मा नेपालका लागी नेपाली पार्टीका उम्मेदवार इन्द्रसागर गुप्ता । उक्त पार्टीका प्रत्यासी बनेका राजविराज ५ निवासी ४७ वर्षिय गुप्ता विहानै भोट

***बाँकी अन्तिम पृष्ठमा***

**निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं।**

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन।
- कृत्रिम वौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स - एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन।
- निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन वोर्डमा उजुरी गरौं।

निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन वोर्ड

# “गणतान्त्रिक नेपालमा राजनीति, राष्ट्रियता र लोकतान्त्रिक स्थायित्व”

**प्रेमचन्द्र झा**

नेपालले गणतन्त्र स्थापना गरेपछि प्रवेश गरेको राजनीतिक युग ऐतिहासिक उपलब्धि भए पनि अपेक्षित स्थिरता, सुशासन र विकास अझै संस्थागत हुन सकेको छैन । राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना जनताको लामो संघर्षको परिणाम थियो, तर शासन प्रणाली परिवर्तन हुनु मात्र पर्याप्त रहेन, राजनीतिक संस्कार, राज्य सञ्चालनको शैली र राष्ट्रिय सोच पनि परिवर्तन हुनुपर्ने आवश्यकता थियो । आज नेपाल पुनः निर्वाचनको प्रक्रियामा छ, जहाँ हरेक चुनावले नयाँ आशा जन्माएजस्तै पुराना निराशा पनि दोहोर्याइरहेको देखिन्छ । गणतन्त्रको डेढ दशक बितिसक्दा पनि स्थिर सरकार, बलियो लोकतन्त्र, दिगो शान्ति र जनमुखी विकास किन स्थापित हुन सकेन भन्ने प्रश्न जनसाधारणको मनमा गहिरिँदै गएको छ ।

वर्तमान राजनीतिक परिवेश हेर्दा गणतन्त्रले संवैधानिक रूपमा नागरिक अधिकार, समावेशी प्रतिनिधित्व र संघीय संरचनाको व्यवस्था त गर्‍यो, तर त्यसको प्रभावकारी कार्यान्वयन कमजोर रह्यो । राजनीतिक दलहरू लोकतन्त्रको मुख्य वाहक हुनुपर्नेमा सत्ता प्राप्ति र सत्ता जोगाउने प्रतिस्पर्धामा सीमित हुँदा जनविश्वास क्षीण हुँदै गयो । बारम्बार सरकार परिवर्तन, अस्थिर गठबन्धन, नीति निरन्तरताको अभाव र दलगत स्वार्थ केन्द्रित निर्णय प्रक्रियाले लोकतन्त्रको आत्मालाई कमजोर बनाएको छ । यसै कारण गणतन्त्रप्रति नै प्रश्न उठ्ने अवस्था सिर्जना भएको छ, जबकि समस्या शासन प्रणालीमा होइन, त्यसलाई सञ्चालन गर्ने राजनीतिक आचरणमा छ ।

वर्तमान निर्वाचन केवल नयाँ सरकार चयन गर्ने प्रक्रिया मात्र होइन, लोकतन्त्रप्रतिको जनविश्वास पुनःस्थापित गर्ने अवसर पनि हो । तर व्यवहारमा निर्वाचन नीति र विचारको प्रतिस्पर्धाभन्दा व्यक्तित्व, जातीय भाव, भावनात्मक नारा र अल्पकालीन प्रलोभनमा केन्द्रित हुँदै गएको देखिन्छ । अधिकांश राजनीतिक दलहरूले सुशासन, विकास, रोजगारी र भ्रष्टाचार नियन्त्रणका कुरा उठाए पनि विगतको अभ्यासले ती प्रतिबद्धतामाथि प्रश्न खडा गरिसकेको छ । जनताले आज नाराभन्दा विश्वसनीयता खोजिरहेका छन्, भाषणभन्दा कार्यान्वयनको क्षमता खोजिरहेका छन् । यही बिन्दुमा वर्तमान निर्वाचनको वास्तविक अर्थ लुकेको छ ।

राजनीतिक दलहरूले उठाइरहेका एजेन्डा हेर्दा धेरैजसो समान देखिन्छन्, तर ती एजेन्डाको आत्मा कमजोर छ । भ्रष्टाचार नियन्त्रण भन्नु सजिलो छ, तर दलभित्रको अपारदर्शिता, आन्तरिक अलोकतन्त्र र शक्ति केन्द्रित नेतृत्व सुधार नगरी भ्रष्टाचार विरुद्धको लडाइँ विश्वसनीय हुँदैन । आर्थिक विकासको कुरा गर्दा राष्ट्रिय उत्पादन, कृषि, उद्योग र श्रमको सम्मानभन्दा पनि वैदेशिक निर्भरता बढ्दो छ । रोजगारी सिर्जनाको नारा लगाइए पनि युवा पलायन रोक्ने ठोस नीति अझै स्पष्ट छैन । अझ गम्भीर कुरा के हो भने राजनीतिक सुधार, निर्वाचन प्रणालीको पुनरावलोकन, दलभित्रको लोकतन्त्र, संघीयताको प्रभावकारी कार्यान्वयन जस्ता विषय चुनावी बहसमा ओझेलमा परेका छन् ।

गणतन्त्रमा राष्ट्रियताको अर्थ पनि पुनःपरिभाषित हुन आवश्यक छ । आज पनि राष्ट्रियता कहिलेकाहीँ सत्ता जोगाउने नारा, विरोधीलाई कमजोर बनाउने हतियार वा छिमेकीविरुद्ध भावनात्मक उत्तेजनाको माध्यम बन्ने गरेको देखिन्छ । तर साँचो राष्ट्रियता भनेको नागरिकको स्वतन्त्रता, आत्मसम्मान, समान अधिकार र न्यायको अनुभूति हो । जनताले राज्य आफ्नै हो भन्ने अनुभूति नगरेसम्म राष्ट्र बलियो हुन सक्दैन । बलियो सेना, ठूलो भूगोल वा ठूला भाषणभन्दा पनि सन्तुष्ट नागरिक नै बलियो राष्ट्रियताको आधार हुन् । गणतन्त्रमा राष्ट्रियता जनताको अधिकार र लोकतान्त्रिक मूल्यसँग गाँसिनुपर्छ, न कि डर र घृणासँग ।

नेपालको दीर्घकालीन समस्या मध्ये एक राजनीतिक अस्थिरता हो । स्थिर सरकार बिना न त दीर्घकालीन नीति बन्न सक्छ, न विकास योजनाले निरन्तरता पाउँछ, न त अन्तर्राष्ट्रिय विश्वास कायम रहन्छ । बहुदलीय प्रणालीमा स्थायित्व सम्भव छैन भन्ने धारणा गलत हो; समस्या प्रणालीमा होइन, राजनीतिक संस्कारमा छ । न्यूनतम साझा कार्यक्रम, गठबन्धनको नैतिकता, चुनावी परिणामको सम्मान र सत्तामा हुँदा पनि संविधान र संस्थाको मर्यादा पालना गर्ने संस्कार विकास नगरी स्थायित्व सम्भव हुँदैन । यसका लागि दलहरूबीच आधारभूत साझा सहमति अपरिहार्य छ ।

लोकतन्त्रको स्थायित्व केवल निर्वाचनबाट सुनिश्चित हुँदैन । स्वतन्त्र न्यायपालिका, सक्षम संसद, उत्तरदायी कार्यपालिका र सचेत नागरिक यी सबै लोकतन्त्रका आधार स्तम्भ हुन् । संस्थामाथि राजनीतिक हस्तक्षेप, कानूनको चयनात्मक प्रयोग र आलोचकप्रति असहिष्णुता लोकतन्त्रका लागि घातक हुन्छन् । लोकतन्त्रमा असहमति कमजोरी होइन, शक्ति हो भन्ने सोच स्थापित हुन आवश्यक छ । नागरिक पनि केवल मतदाता भएर होइन, निरन्तर निगरानी गर्ने सचेत सहभागी भएर लोकतन्त्रको रक्षा गर्नुपर्छ ।

दिगो शान्तिको सवाल पनि अझै पूर्ण रूपमा टुंगिएको छैन । द्वन्द्वपछिको नेपालमा संक्रमणकालीन न्याय, पीडितको न्याय र सत्य निरूपण ढिलाइ हुँदा शान्ति प्रक्रिया नै अपूरो देखिन्छ । राजनीतिक सहमतिका नाममा न्याय टार्ने प्रवृत्तिले दीर्घकालीन असन्तोष जन्माउन सक्छ । शान्ति केवल युद्ध नहुनु मात्र होइन, न्याय, विश्वास र मेलमिलापको अवस्था हो । यसका लागि राज्य र राजनीतिक दलहरू गम्भीर हुनुपर्छ ।

विकासको सवालमा पनि नेपालले नयाँ सोच अपनाउनुपर्ने समय आएको छ । विकासलाई केवल आर्थिक वृद्धिसँग जोड्नु पर्याप्त छैन । दिगो विकास भनेको वातावरण संरक्षण, सामाजिक न्याय, क्षेत्रीय सन्तुलन र भावी पुस्ताको अधिकार सुनिश्चित गर्नु हो । केन्द्रित विकास मोडेलले असमानता बढाएको छ, जसले सामाजिक असन्तोष जन्माएको छ । संघीय संरचनालाई विकाससँग जोड्न सकिएन भने संघीयता नै कमजोर बन्न सक्छ ।

यी सबै चुनौतीहरूको समाधान दलिय साझा सहमतिबिना सम्भव छैन । साझा सहमति भनेको सबै कुरा मिल्नु होइन, लोकतन्त्र, संविधान, राष्ट्रिय हित र आधारभूत मूल्यमा न्यूनतम सहमति हुनु हो । चुनाव जितेपछि सबैको प्रतिनिधि बन्ने, हारेपछि जिम्मेवार प्रतिपक्षको भूमिका खेल्ने, संविधान र लोकतान्त्रिक प्रक्रियालाई कुनै हालतमा कमजोर नपार्ने सहमति आजको आवश्यकता हो । सत्ता आउँछ-जान्छ, तर राष्ट्र र लोकतन्त्र स्थायी हुन्छन् भन्ने सोच दलहरूको व्यवहारमा देखिनुपर्छ ।

अन्ततः वर्तमान निर्वाचन नेपालका लागि केवल सत्ता परिवर्तनको प्रक्रिया होइन, राजनीतिक संस्कार परिवर्तन गर्ने अवसर हो । यदि दलहरूले अल्पकालीन लाभभन्दा माथि उठेर दीर्घकालीन राष्ट्रिय दृष्टि अपनाए भने गणतन्त्र केवल संविधानको शब्दमा सीमित रहने छैन, जनताको दैनिक जीवनमा अनुभूत हुने व्यवस्था बन्न सक्छ । स्थिर सरकार, बलियो लोकतन्त्र, सन्तुलित राष्ट्रियता, दिगो शान्ति र समावेशी विकास सम्भव छन्, यदि राजनीति साँच्चै जनताको सेवा गर्ने माध्यम बन्यो भने ।यही सन्दर्भमा हेर्दा वर्तमान निर्वाचनले राजनीतिक दलहरूलाई आत्मसमीक्षा गर्ने अवसर पनि दिएको छ । जनताले अब को कति ठूलो नेता हो भन्नेभन्दा पनि को कति इमानदार, कति सक्षम र कति उत्तरदायी छ भन्ने आधारमा मूल्याङ्कन गर्न थालेका छन् । सामाजिक सञ्जाल, नागरिक समाज र स्वतन्त्र सञ्चार माध्यमको सक्रियताले सत्ता र विपक्ष दुवैलाई निरन्तर प्रश्नको घेरामा राखेको छ । यसले लोकतन्त्रलाई कमजोर होइन, अझ परिपक्व बनाउने सम्भावना बोकेको छ, यदि राजनीतिक नेतृत्वले यसलाई चुनौती होइन, सुधारको अवसरका रूपमा ग्रहण गर्न सक्यो भने ।

गणतन्त्रको सफलताका लागि सबैभन्दा महत्वपूर्ण कुरा राजनीतिक नैतिकता हो । कानुनी व्यवस्था जति बलियो भए पनि नैतिकता कमजोर भयो भने लोकतन्त्र खोक्रो बन्छ । चुनाव जित्नका लागि अस्वस्थ प्रतिस्पर्धा, धनबल र डरको प्रयोग, सत्ता प्राप्तिपछि प्रतिशोधको राजनीति र राज्य संयन्त्रको दुरुपयोगले लोकतान्त्रिक मूल्यलाई क्षति पुर्‍याएको छ । यसलाई रोक्न कानून मात्र होइन, राजनीतिक इच्छाशक्ति आवश्यक हुन्छ । दलहरूले आफ्ना कार्यकर्तालाई सत्ता होइन, सेवा नै राजनीति हो भन्ने संस्कार सिकाउन सक्नुपर्छ ।

युवा पुस्ता आजको नेपालको सबैभन्दा ठूलो सम्भावना हो तर त्यही युवा वर्ग राजनीति प्रतिको वितृष्णाका कारण देश छोड्न बाध्य भइरहेको छ । रोजगारीको अभाव, अवसरको असमानता र योग्यताभन्दा पहुँचलाई प्राथमिकता दिने प्रवृत्तिले युवालाई निराश बनाएको छ । यदि वर्तमान निर्वाचन र त्यसपछि बन्ने सरकारले युवालाई नीति निर्माणको केन्द्रमा राख्न सकेन भने लोकतन्त्रको भविष्य नै कमजोर बन्न सक्छ । युवालाई केवल नारामा होइन, निर्णय प्रक्रियामा सहभागी गराउने साहस राजनीतिक दलहरूले देखाउनैपर्छ ।

महिला, दलित, जनजाति, मधेसी, अपांगता भएका व्यक्ति र पछाडि पारिएका समुदायको प्रतिनिधित्व संविधानले सुनिश्चित गरे पनि व्यवहारमा अझै चुनौतीपूर्ण छ । प्रतिनिधित्व केवल संख्यामा सीमित हुँदा नीति निर्माणमा उनीहरूको वास्तविक आवाज सुन्ने संस्कार विकास हुन सकेको छैन । समावेशी लोकतन्त्र भनेको पदमा पुग्नु मात्र होइन, निर्णयमा प्रभाव राख्नु हो । यसतर्फ दलहरूको साझा प्रतिबद्धता आजको आवश्यकता हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयनका लागि केन्द्र, प्रदेश र स्थानीय तहबीच विश्वास, सहकार्य र स्पष्ट अधिकार बाँडफाँड आवश्यक छ । संघीयतालाई बोझ वा समस्या ठान्ने प्रवृत्तिले होइन, त्यसलाई अवसरका रूपमा प्रयोग गर्ने राजनीतिक इच्छाशक्तिले मात्र विकास सम्भव छ । स्थानीय तहलाई अधिकारसहित उत्तरदायी बनाउनु, प्रदेशलाई नीतिगत स्पष्टता दिनु र केन्द्रलाई समन्वयकारी भूमिकामा सीमित गर्नु संघीयताको आत्मा हो । यसमा दलगत स्वार्थभन्दा माथि उठेर साझा दृष्टिकोण अपनाउनुपर्ने समय आएको छ ।

राष्ट्रियता र विदेश नीतिको सवालमा पनि गणतन्त्रले परिपक्वता देखाउनुपर्ने आवश्यकता छ । छिमेकीसँगको सम्बन्ध भावनात्मक उत्तेजना वा अन्ध विरोधमा होइन, राष्ट्रिय हित, आपसी सम्मान र कूटनीतिक सन्तुलनमा आधारित हुनुपर्छ । अन्तर्राष्ट्रिय सम्बन्धलाई आन्तरिक राजनीति ढाकछोप गर्ने माध्यम बनाउँदा राष्ट्र कमजोर हुन्छ । बलियो राष्ट्रियता भनेको आत्मनिर्भर अर्थतन्त्र, एकताबद्ध समाज र लोकतान्त्रिक स्थिरता हो, न कि चर्का भाषण र आरोप-प्रत्यारोप ।

यस सम्पूर्ण सन्दर्भमा दलिय साझा सहमति कुनै विकल्प होइन, अपरिहार्यता बनेको छ । संविधान, लोकतान्त्रिक मूल्य, मानव अधिकार, संघीयता, समावेशिता र शान्ति प्रक्रियाजस्ता विषयमा दलहरूबीच स्पष्ट र लिखित सहमति हुन सक्यो भने राजनीतिक अस्थिरता धेरै हदसम्म कम गर्न सकिन्छ । साझा सहमति भनेको सरकार सधैं मिलिजुली नै बनाउनु भन्ने होइन, तर असहमति हुँदा पनि व्यवस्था र राष्ट्रलाई क्षति नपुग्ने गरी व्यवहार गर्नु हो । यही लोकतान्त्रिक परिपक्वताको परीक्षा अहिले नेपालले दिइरहेको छ ।

अन्ततः भन्नुपर्दा, गणतन्त्र नेपालको भविष्य निर्वाचनको एक दिनले मात्र निर्धारण गर्दैन, तर त्यो दिनले राजनीतिक दिशाको संकेत अवश्य दिन्छ । जनताले सही निर्णय गरे पनि त्यसलाई सार्थक बनाउने जिम्मेवारी राजनीतिक नेतृत्वकै काँधमा हुन्छ । यदि नेतृत्वले सत्ता होइन, राज्य निर्माणलाई प्राथमिकता दियो भने स्थिर सरकार, बलियो लोकतन्त्र, दिगो शान्ति र समावेशी विकास कुनै सपना होइन, सम्भव यथार्थ बन्न सक्छ । गणतन्त्र सफल हुने कि असफल भन्ने प्रश्नको उत्तर अब संविधानको शब्दमा होइन, राजनीतिक व्यवहारमा खोजिनुपर्छ । यही नै आजको नेपालको सबैभन्दा ठूलो चुनौती र सम्भावना दुवै हो ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


## महादेवा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### बथनाहा, सप्तरी

### शिलबन्दी दरभाउ-पत्र स्वीकृत गर्ने आशयको सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८२/११/०१)*

यस कार्यालयको मिति २०८२/१०/१२ गते राजविराज दैनिक पत्रिका मार्फत आह्वान भएको शिलबन्दी दरभाउ-पत्रको सूचना बमोजिम पेश भएका दरभाउ-पत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमको दरभाउ पत्रदाता न्युन्तम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृति को लागि सिफारिस भइ आएकोमा सार्बजानिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ दरभाउ पत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | शिलबन्दी दरभाउ-पत्र | दरभाउ पत्रदाता को नाम ठेगाना | कबोल रक( Including VAT & PS - Nrs.) |
|---|---|---|---|
| १. | **MRM/SQ/EDU/2082-083/1(शैक्षिक सामग्री खरिद कार्य )** | श्री राज लक्ष्मी कपी उद्योग विराटनगर ६, मोरंग | रु.१९,१५,३५०।०० |

..............................

प्रमुख प्रशासकीय अधिकृत

# उन्नत लोकतन्त्रका लागि समावेशी निर्वाचन

**धर्मेन्द्र झा**
काठमाडौं, २९ माघ (रासस)।

प्रतिनिधिसभाको निर्वाचन आसन्न छ। तय कार्यक्रमअनुसार आगामी महिना अर्थात फागुनको २१ गते एकै चरणमा मतदान हुनेछ। गत भदौको २३ र २४ गते युवाहरुको अगुवाइमा भएको आन्दोलनको जगमा हुन लागेको आसन्न निर्वाचन धेरै कारणले महत्वपूर्ण छ। दशौं संविधान दिवसको पूर्व सन्ध्यामा भएको युवा (जेनजी) आन्दोलन कसैको पनि विस्मृतिमा पुगिसकेको छैन। आन्दोलनको प्रकृतिको विश्लेषण गर्दा आन्दोलनकारीले सरकार परिवर्तन गर्न चाहेका थिए र आफूले उठान गरेका मुद्दाको सम्बोधन यही संविधानमार्फत चाहेका थिए।

सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनाउन सफलता पाएको युवा पुस्ता केन्द्रित दुई दिने आन्दोलनको निश्चय पनि कालजयी महत्व छ र यसको चर्चा सुदूर भविष्यसम्म रहनेछ। यो घटना विश्वका धेरै देशमा धेरै दिनसम्म उदाहरणीय बन्नेछ। यस पृष्ठभूमिमा यसपटकको निर्वाचनका सन्दर्भमा केही कुराको प्रक्षेपण गर्न सकिन्छ। पहिलो, निर्वाचनले पारम्परिक सरकारको अवधारणामा परिवर्तन ल्याउनेछ। दोस्रो, लोकतन्त्रलाई थप सबल र सुदृढ गर्नेछ। तेस्रो, संविधानको भावनाको अनुशरण र कार्यान्वयनमा बल पुग्नेछ। चौथो, युवा भावना र आवाजलाई थप प्रभावकारी बनाउनेछ र पाँचौं, देश विकासका लागि आवश्यक नयाँ मुद्दा र प्रक्रियाको पहिचान गर्नेछ।

यति मात्र होइन, समावेशीताको औचित्य र आवश्यकताका सम्बन्धमा नयाँ ढङ्गले बहस प्रारम्भ गर्नेछ। माथि उल्लेख गरिएका कुराहरु कुनै न कुनै रुपमा समग्रमा राष्ट्रनिर्माणको अवधारणा र प्रक्रियासँग सम्बन्धित छन् भन्नु गलत हुँदैन। यस सन्दर्भमा निर्वाचन महत्वपूर्ण माध्यम हुने कुरामा विमति हुनसक्दैन। तर सामान्य प्रक्रियाभन्दा समावेशी निर्वाचन प्रक्रियाले अपेक्षित परिणाम प्राप्तिमा सघाउ पुग्छ, यसमा पनि असहमति व्यक्त गर्न सकिँदैन।

**लोकतन्त्र-गुणस्तर मापनको सूचक समवेशीता**

निर्वाचनमा समावेशीता लोकतन्त्रको गुणस्तर मापन गर्ने महत्वपूर्ण सूचक हो। निर्वाचनमा समावेशीता भन्नाले समाजका सबै वर्ग, समुदाय र समूहको समान पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुमात्र होइन विविध मुद्दाप्रतिको स्वीकारोक्ति पनि हो। उपलब्ध विविधतालाई एकताको मालामा उन्ने सशक्त विधि हो समावेशीता। यस अवधारणाभित्र मतदाता दर्तादेखि उम्मेदवारी, प्रचारप्रसार, मतदान, मतगणना र प्रतिनिधित्वसम्मका सबै चरणमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, हिमालीलगायतका पिछडिएका क्षेत्रका नागरिक र प्रवासी मतदाताको अर्थपूर्ण सहभागिता समेटिन्छन् र समेटिन सक्नुपर्छ। सारमा यो देश सबै नेपालीको हो र प्रत्येक नेपालीमा देश मेरो पनि हो भन्ने भावनाको विकास हुनु अनिवार्य छ। यसका लागि देशप्रतिको स्वामित्वबोध हुनु अपरिहार्य छ। यस प्रक्रियामा समावेशीको अवधारणाले मद्दत गर्ने कुरामा दुईमत हुन सक्दैन। आसन्न निर्वाचनमा निर्वाचनको सम्पूर्ण प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक छ।

निर्वाचन लोकतन्त्रको आत्मा हो। निर्वाचनमार्फत जनताले आफ्ना प्रतिनिधि चयन गर्छन् र शासन प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउँछन्। बुझ्नुपर्ने कुरा के हो भने निर्वाचन केवल मत हाल्ने प्रक्रियासम्म मात्र सीमित हुँदैन; यो समावेशी, न्यायोचित र समान अवसरमा आधारित हुनुपर्छ। जाति, लिङ्ग, भाषा, क्षेत्र, अपाङ्गता, आर्थिक अवस्था वा सामाजिक पहिचानका कारण कुनै समूह निर्वाचन प्रक्रियाबाट उपेक्षित र बहिष्कृत हुनुहुँदैन, त्यसो भयो भने लोकतन्त्र अपूर्ण हुन जान्छ।

त्यसैले पनि आजको विश्वमा निर्वाचनमा समावेशीता लोकतान्त्रिक सुशासनको प्रमुख सवाल मात्र बनेको छैन, कतिपय सन्दर्भमा त समावेशी निर्वाचनको अवधारणा आजको पछिल्लो पुस्ताको उन्नत लोकतन्त्रका लागि अनिवार्य शर्तका रूपमा पनि स्वीकृत भएको छ।

**नेपालको संवैधानिक व्यवस्था र समावेशी निर्वाचन**

विसं २०६२/६३ को जनआन्दोलनपछि राज्य पुनःसंरचनासँगै गम्भीर रूपमा उठान भएको विषय हो समावेशीताको सवाल। नेपालको संविधान २०७२ले समावेशी लोकतन्त्रलाई मूल आधारका रूपमा स्वीकार गरेको छ। संविधानको प्रस्तावनामै सामाजिक न्याय, समावेशीता र समानुपातिक प्रतिनिधित्वको प्रतिबद्धता व्यक्त गरिएको छ। संविधानको धारा ८४ अनुसार प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक समावेशी सिद्धान्त अवलम्बन गरिएको छ। राजनीतिक दलहरूले बन्द सूची प्रणालीमार्फत उम्मेदवार चयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएका क्षेत्र र खस आर्य समुदायलाई जनसङ्ख्याको अनुपातमा समेट्नुपर्ने व्यवस्था छ। यसैगरी, राष्ट्रियसभामा पनि महिला, दलित र अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिएको छ। स्थानीय तहमा त झनै समावेशीता मजबुत बनाइएको छ। गाउँपालिका र नगरपालिकाका प्रमुख वा उपप्रमुखमध्ये एकजना महिला हुनैपर्ने, वडास्तरमा दलित महिला सदस्य अनिवार्य हुने व्यवस्था अन्तरराष्ट्रिय अभ्यासमै उदाहरणीय मानिन्छ। यसकारण नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व उल्लेखनीय रूपमा बढेको छ।

लोकतन्त्रको सुदृढीकरणका लागि समावेशी निर्वाचन आजको आवश्यकता मात्र होइन, भविष्यको आधार पनि हो। संविधानले सैद्धान्तिकरुपमा समावेशी अवधारणालाई स्वीकार गरे पनि व्यवहारमा कति कार्यान्वयन हुन सकेको छ? त्यो. अध्ययन र मूल्याङ्कनकै विषय हो भन्दा फरकपर्ने छैन। प्रतिनिधिसभा र राष्ट्रियसभामा समावेशी अवधारणाका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न खोजिए पनि चोर बाटो थुप्रै अख्तियार गरिएका छन्, जसबाट दल र तिनका नेताले आफूले इच्छाएकालाई त्यहाँ लग्ने गरेका छन्। केही हदसम्म हुनेखाने नै त्यहाँ पुग्ने गरेको आरोप पनि लाग्ने गरेको छ, जसलाई सम्पूर्ण ढङ्गले अस्वीकार गर्ने अवस्था छैन।यस्तै प्रतिनिधिसभामा प्रत्यक्षतर्फको निर्वाचनमा महिलालाई उचित सङ्ख्यामा प्रतिनिधित्व गराउन नसकिएको अवस्थामा समानुपातिकतर्फबाट संसद्मा प्रवेश गराउने विधि अपनाइएको छ। यसको प्रभाव अन्य क्षेत्रमा पर्न खोजेको छ भन्नु असङ्गत नहोला। महिलाका लागि केही निर्वाचन क्षेत्र नै आरक्षित गर्नु र निश्चित प्रतिशत तोकी दलहरुलाई अनिवार्यतः उम्मेदवार बनाउन बाध्य गर्नुजस्ता केही थप विधिबाट प्रत्यक्षतर्फ महिला प्रतिनिधित्व सुनिश्चित गर्न सकिए अन्य क्षेत्रमा यसको सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ।

**व्यवहारमा देखिएका चुनौती**

संवैधानिक र कानुनी व्यवस्था प्रगतिशील भए पनि माथि उल्लेख गरिएजस्तै व्यवहारमा भने समावेशी निर्वाचन अझै चुनौतीपूर्ण छ। नेपालले संवैधानिक र कानुनीरूपमा समावेशी निर्वाचनलाई विशेष महत्व दिएको पाइन्छ तर व्यावहारिक कार्यान्वयन, प्रतिनिधित्वको गुणस्तर र निर्णय प्रक्रियामा भने अझै वास्तविक पहुँच सुनिश्चित हुन सकेको छैन। समानुपातिक प्रणालीमार्फत आएका प्रतिनिधिहरू पार्टी नेतृत्वप्रति बढी जवाफदेही हुने, उनीहरूको निर्णयात्मक भूमिका सीमित हुने गुनासो व्यापक छ। साथै, सीमान्तकृत समुदायका उम्मेदवारलाई प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न आर्थिक स्रोत, सङ्गठनात्मक पहुँच र राजनीतिक संरक्षणको अभाव देखिन्छ।

निर्वाचनमा समावेशीताको अर्थ मतदान र उम्मेदवारसम्म मात्र सीमित छैन। समग्र निर्वाचन प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक हुन्छ। अपाङ्गता भएका मतदाताका लागि मतदान केन्द्र पहुँचयोग्य हुनु, चुनावसँग सम्बन्धित जानकारी मातृभाषामा प्राप्त गर्न सक्नु, मतदानका नाममा आफ्नो सांस्कृतिक विश्वासमाथि अतिक्रमण नहुनु, दृष्टिविहीन मतदाताका लागि मतपत्र वा प्रविधि उपलब्ध हुनुजस्ता केही यस्ता विषयलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सकिन्छ, जहाँ समावेशी अवधरणाको कार्यान्वयन अपरिहार्य रहेको मान्न सकिन्छ।

यस्तै विदेशमा रहेका नेपाली नागरिकले मतदान गर्न नपाउने जस्ता विषय पनि समावेशीताका दृष्टिले कमजोर पाटा हुन्। अन्य देशका अभ्यासबाट नेपालले केही महत्वपूर्ण सिकाइ ग्रहण गर्न सक्छ। पहिलो, समावेशी अवधारणा केवल कानुनी प्रावधानमा सीमित नराखी कार्यकारी र निर्णयात्मक तहमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नु आवश्यक छ। दोस्रो, राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र र समावेशी नेतृत्व विकास आवश्यक छ। तेस्रो, निर्वाचन खर्च नियन्त्रण र सीमान्तकृत उम्मेदवारका लागि राज्यको सहयोग बढाउनुपर्छ।

प्रविधिको प्रयोगमार्फत अपाङ्गमैत्री मतदान प्रणाली, ब्रेलमा आधारित मतपत्र, विदेशमा रहेका नेपालीका लागि सुरक्षित मतदान व्यवस्था र युवा तथा पहिलोपटक मतदान गर्ने मतदाता लक्षित नागरिक शिक्षा कार्यक्रम विस्तार गर्न सकिन्छ। मतदाता शिक्षाका सन्दर्भमा मातृभाषाको प्रयोगलाई बढाउनु पनि आवश्यक हुन्छ। दलहरुले पनि आफ्नो सोच र कार्यशैलीमा परिवर्तन गर्नु आवश्यक छ। समावेशीका नाममा कागको झुण्डमा एउटा बकुल्ला उभ्याउने परिपाटीले सार्थक परिणाम प्राप्त हुनसक्दैन।

सम्बद्ध पक्षका लागि गरिने निर्णय प्रक्रियामा सोही पक्षलाई सहभागी गराई जिम्मेवार बनाउने नीति अख्तियार गरिनु आवश्यक छ। यसविपरित विभिन्न गठबन्धन र सम्झौताका नाममा राष्ट्रियसभामा अल्पसङ्ख्यक र अन्यको क्लष्टरबाट प्रायः हुनेखाने प्रभावशालीकै वर्चश्व देखिने गरेको छ। दलहरु यसमा सच्चिनु आवश्यक छ।

**अन्त्यमा** माथि उल्लेख गरिएका विषय सम्बद्ध पक्षका लागि ध्यानाकर्षण मात्र हुन्। भविष्यमा यी विषयमा सम्बोधनको रणनीति तय गरिने विश्वास गर्नु अनुचित हुने छैन। आवश्यक परेका खण्डमा भावी दिनमा निर्वाचन आयोगले नै पनि स्वसक्रिय भएर संविधानको भावनाअनुसार समावेशी अवधारणालाई कार्यान्वयन गर्ने दिशामा आवश्यक नीति तय गर्न सक्नुपर्छ। (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

## एक करोड ५७ ...

बताउनुभयो। हालसम्म १४ हजार ३४१ बाकस मतपत्र प्याकिङ भइसकेको छ। हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र १३ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ्ग तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ।

प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ। माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो।

**कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाइयो मतपत्र**

छपाइ भएको मतपत्र बिहीबारेदेखि आयोगले कर्णाली प्रदेशका १० जिल्लाका १२ निर्वाचन क्षेत्रमा पठाउन सुरु गरेको छ। आयोगले बिहीबार कर्णाली प्रदेशका सल्यान, रुकुम पश्चिम, डोल्पा, मुगु, हुम्ला, कालीकोट, जुम्ला, जाजरकोट, दैलेख र सुर्खेतका निर्वाचन क्षेत्रमा मतपत्रको ढुवानी गरिएको सहायक प्रवक्ता न्यौपानेले बताउनुभयो।

## विश्व समाचार

### जेन-जी विद्रोहपछि बङ्गलादेशमा पहिलो मतदान

ढाका, २९ माघ (रासस/एपी)।

सन् २०२४ को जेन-जी नेतृत्वको विद्रोहले शेख हसिनाको सरकार अपदस्थ गरेपछि बङ्गलादेशले पहिलो पटक संसदीय निर्वाचनमा मतदान गरेको छ। वर्षौंको राजनीतिक अस्थिरतापछि भएको यो चुनावलाई देशको लोकतन्त्रको महत्त्वपूर्ण परीक्षाका रूपमा हेरिएको छ। बिहीबार बिहान ढिलो सुरु भएको मतदान मध्याह्नसम्म राजधानी ढाका र अन्य सहरका केन्द्रहरूमा उत्साहजनक सहभागितासहित अघि बढेको थियो। मतदान बिहीबारभर जारी रहनेछ भने नतिजा शुक्रबार सार्वजनिक हुने अपेक्षा गरिएको छ।

पूर्वप्रधानमन्त्री हसिना देशबाट बाहिरिएपछि र उहाँको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाएपछि पहिलो पटक भएको यस निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य रहेका छन्। हसिना हाल भारतमा निर्वासनमा बस्दै आउनुभएको छ। बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का तारिक रहमान आगामी सरकार गठनका प्रमुख दावेदारका रूपमा देखिनुभएको छ। उहाँ पूर्वप्रधानमन्त्री खालिदा जियाका पुत्र हुनुहुन्छ र १७ वर्ष लन्डनमा स्व-निर्वासनपछि गत डिसेम्बरमा स्वदेश फर्कनुभएको थियो। उहाँले लोकतान्त्रिक संस्थाहरूको पुनर्निर्माण, विधिको शासन सुदृढीकरण र सङ्घर्षरत अर्थतन्त्र पुनर्जीवित गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

उहाँलाई चुनौती दिने शक्तिका रूपमा जमात-ए-इस्लामीको नेतृत्वमा ११ दलीय गठबन्धन अघि आएको छ। हसिनाको शासनकालमा प्रतिबन्धित उक्त इस्लामवादी दलले पछिल्लो समय प्रभाव बढाएको छ। यसले विशेषगरी महिला र धार्मिक अल्पसङ्ख्यक समुदायमा चिन्ता बढाएको छ। बङ्गलादेशमा करिब ९० प्रतिशत मुस्लिम र झण्डै आठ प्रतिशत हिन्दू समुदाय बसोबास गर्छन्। जमातका प्रमुख शफिकुर रहमानले मतदानपछि 'यो निर्णायक मोड हो' भन्दै जनताले परिवर्तन चाहेको बताउनुभएको छ।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले निष्पक्ष र पारदर्शी मतदान गराउने प्रतिबद्धता जनाएको छ। करिब ५०० अन्तर्राष्ट्रिय पर्यवेक्षक र विदेशी पत्रकार उपस्थित रहेको जनाइएको छ, जसमा युरोपेली सङ्घ (इयु) र राष्ट्रमण्डलका प्रतिनिधिहरू पनि समावेश छन्। तीन सय ५० सदस्यीय संसद्मा ३०० सदस्य प्रत्यक्ष निर्वाचित हुनेछन् भने ५० सिट महिलाका लागि आरक्षित छन्। सांसदहरू बहुलताका आधारमा चयन हुनेछन् र संसद्को कार्यकाल पाँच वर्षको हुनेछ। एक उम्मेदवारको निधनपछि एउटा निर्वाचन क्षेत्रमा मतदान स्थगित गरिएको निर्वाचन आयोगले जनाएको छ।

अघिल्ला वर्षहरूमा भएको हिंसा, अल्पसङ्ख्यक र प्रेसमाथिका आक्रमण तथा विधिको शासन कमजोर बनेको अवस्थापछि यो चुनाव हुँदैछ। सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता पाएपछि बङ्गलादेशको राजनीति दलगत द्वन्द्व, सैन्य कू र मत हेरफेरका आरोपले प्रभावित हुँदै आएको छ। करिब ५० लाख पहिलो पटकका मतदाता यसपटक निर्णायक बन्न सक्ने अपेक्षा गरिएको छ। २८ वर्षीय मतदाता इकराम उल हकले यो पहिलो पटक स्वतन्त्र रूपमा आफ्नो मत व्यक्त गर्न पाएको अनुभव रहेको बताउनुभयो। "हामी चुनावलाई पर्वका रूपमा मनाइरहेका छौं", उहाँले भन्नुभयो, "मलाई बङ्गलादेशमा ठूलो परिवर्तनको आशा छ।"

निर्वाचनसँगै राष्ट्रिय चार्टरअन्तर्गत प्रस्तावित संवैधानिक सुधारबारे जनमतसङ्ग्रह पनि गरिएको छ। बहुमतले समर्थन गरेमा नयाँ संसद्ले १८० कार्यदिनभित्र संवैधानिक सुधार परिषद् गठन गर्नेछ। प्रस्तावमा द्विसदनीय व्यवस्थापिका स्थापना र माथिल्लो सदनलाई संविधान संशोधनको अधिकार दिने व्यवस्था समावेश छ। बिएनपी र जमात-ए-इस्लामीले केही संशोधनपछि दस्तावेजमा सहमति जनाएका छन्। तर अवामी लिग र उसका केही पूर्व सहयोगीहरूलाई प्रक्रियाबाट बाहिर राखिएको भन्दै जनमतसङ्ग्रहको आलोचना पनि भइरहेको छ। यस चुनावले बङ्गलादेशको लोकतान्त्रिक भविष्यको दिशा तय गर्ने अपेक्षा गरिएको छ।

### सुडानमा डुङ्गा डुब्दा २१ जनाको मृत्यु

खार्तुम, २९माघ (रासस/एएफपी)।

उत्तरी सुडानको नाइल नदीमा डुङ्गा डुब्दा कम्तिमा २१ जनाको मृत्यु भएको स्थानीय सरकार तथा प्रत्यक्षदर्शीहरूलाई उद्धृत गर्दै एएफपीले जनाएको छ। दुर्घटना पछि २१ जनाको शव बरामद भएको, उनीहरूको नाम सूचीबद्ध गरेको तथा केही यात्रु अझै बेपत्ता रहेको बताएको छ। स्थानीय सरकारको विज्ञप्तिमा डुङ्गा तैबा अल-खवाद र दिम अल-कराई गाउँहरू बिचको नदी पार गर्दै गर्दा दुर्घटनामा परेको उल्लेख गरिएको छ यद्दपी दुर्घटनाको कारण भने उल्लेख गरिएको छैन। प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै एएफपीले डुङ्गामा ३० जना सवार रहेको बताएको छ। सुडानीज डक्टरस नेटवर्कले एक विज्ञप्ति मार्फत डुङ्गामा सवार छ जना यात्रुहरु जिवित रहेको जनाएको छ।

नेटवर्कले उक्त घटनाले "नदी यातायातको नाजुकता र आधारभूत सुरक्षा आवश्यकताहरूको अभाव, अधिकारीहरू र नागरिक सुरक्षा उद्धार टोलीहरूको पूर्ण अनुपस्थिति" उजागर गरेको छ। सुडानीहरू एकल-इन्जिन डुङ्गाहरू मार्फत एकल अपरेटरहरूको नेतृत्वमा नदी पार गर्ने गर्छन् भने लगभग तिन वर्षदेखि चलिरहेको युद्धका कारण देशको पूर्वाधार ध्वस्त हुँदै गएको छ। युद्धले देशलाई सेना र अर्धसैनिक द्रुत समर्थन बलहरूबीच विभाजित गरेको छ, भने सार्वजनिक सेवा, चिकित्सा र शैक्षिक पूर्वाधारमा गम्भीर गिरावट आएको छ।

# प्रत्यक्षतर्फका सबै उम्मेदवारलाई यही फागुन ३ गतेभित्र घोषणापत्र बुझाउन आह्वान

काठमाडौँ, २९ माघ (रासस) । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका सबै उम्मेदवारलाई आगामी फागुन ३ गतेभित्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्न आह्वान गरेको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ बमोजिम आगामी फागुन ३ गतेभित्र निर्वाचन घोषणापत्र सार्वजनिक गरी एकप्रति सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्न आयोगको माघ २७ गतेको निर्णय अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीतर्फका सबै उम्मेदवारलाई शाखा अधिकृत (कानुन) अरुण अधिकारीले पत्राचार गर्नुभएको हो ।

आयोगले सबै प्रदेश/जिल्ला निर्वाचन कार्यालयलाई प्राप्त घोषणापत्रको अभिलेख राखी विवरण आयोगमा पठाउन पत्राचार गरेको हो । यसैगरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई जानकारी गराउन पनि आयोगले आह्वान गरिएको पत्रमा उल्लेख छ ।

आयोगले यसअघि नै सबै राजनीतिक दललाई पनि फागुन ३ गतेभित्र दलीय निर्वाचन घोषणापत्र सार्वजनिक गर्न पत्राचार गरेको थियो ।

# 'अफ्रिकन स्वाइनफिभर' को जोखिम बढेपछि उच्च सतर्कता अपनाउन आग्रह

काठमाडौँ, २९ माघ (रासस) । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले हाल सुङ्गुर/बङ्गुरमा अफ्रिकन स्वाइनफिभरको जोखिम रहेकाले सम्बन्धित किसानलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

अहिलसम्म रोगविरुद्धको कुनै खोप उपलब्ध नभएकाले सुङ्गुर/बङ्गुपालन फार्ममा जैविक सुरक्षा अपनाउन तथा अस्वाभाविक रूपमा सुङ्गुर, बङ्गुर मरेमा तत्काल सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका पशु सेवा केन्द्र वा सम्बन्धित निकायलाई खबर गर्न मन्त्रालयले आग्रह गरेको हो ।

घरपालुवा सङ्गुर, बङ्गुर तथा जङ्गली बँदेल प्रजातिमा विषाणुका कारण अफ्रिकन स्वाइनफिभर लाग्ने भएकाले ती पशुमा उच्च ज्वरो (१०४ देखि १०७ डिग्री) आउने, कान पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुनेलगायत लक्षण देखिन्छ ।

पशुको शरीरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छट्पटाउने गर्दछन् । यसबाट पशुको मृत्युदर उच्च हुने भए पनि पशुबाट मानिसमा भने नसर्ने मन्त्रालय अन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रका डा सञ्जीव पण्डितले बताउनुभयो ।

उहाँका अनुसार केन्द्रले सङ्क्रमण फैलिन नदिन किसानलाई आवश्यक सतर्कता अपनाउन सन्देशमूलक सूचना प्रवाह गरेको छ । यस्ता लक्षण भएका सुङ्गुर, बङ्गुर तथा त्यसका पाठापाठी वा अन्य पशुको सम्पर्कमा आएमा मासुजन्य वस्तु एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने क्रममा सजिलै सङ्क्रमण फैलिने जोखिम भएकाले उच्च सतर्कता अपनाउन उहाँले सबैलाई आग्रह गर्नुभयो ।

तीन वर्षअघि नेपालमा पहिलो पटक अफ्रिकन स्वाइनफिभरको सङ्क्रमण फेला परेको केन्द्रले जनाएको छ । काठमाडौँ उपत्यका तथा आसपासका क्षेत्रमा दश हजार भन्दाबढी सुङ्गुर तथा बङ्गुरमा सङ्क्रमण फैलिएको जनाइएको छ ।

# करिब दुई हजार तीन सय सहकारीलाई दर्ता अभिलेखीकरण

काठमाडौँ, २९ माघ (रासस) । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले करिब दुई हजार ३०० सहकारीलाई दर्ता अभिलेखीकरण गरेको छ ।

सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउने उद्देश्यका साथ प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने देशभरका सम्पूर्ण सहकारीलाई दर्ता अभिलेखीकरण सुरु गरेको हो ।

सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्र बचत तथा ऋणलाई मुख्य कारोबारका रूपमा सञ्चालन गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरीवेक्षण गर्ने प्रमुख जिम्मेवारी प्राधिकरणलाई दिइएको छ ।

ती सहकारीले प्राधिकरणमा दर्ता अभिलेखीकरण नगरी कारोबार गरेमा त्यसलाई गैरकानुनी मानिने तथा उनीहरूको वासलात परीक्षण, नवीकरण प्रक्रिया रोकिने भएकाले प्राधिकरणले बचत तथा ऋण सहकारी संस्थालाई कर्जा सूचना केन्द्रको सदस्यता लिनसमेत निर्देशन दिइएको छ ।

प्राधिकरणका निर्देशक केशव भट्टराईका अनुसार सहकारी ऐन २०७४ को दफा ८१ अनुसार बचत तथा ऋण सहकारी संस्थाले कर्जा सूचना केन्द्रमा आबद्ध भएर सूचना आदान-प्रदान गर्नुपर्ने व्यवस्था छ ।बचतकर्ताको निक्षेप सुरक्षणका लागि तथ्याङ्क व्यवस्थापन प्रणाली र ऋण कारोबारसम्बन्धी सूचना आदान-प्रदानको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

सहकारी ऐनअनुसार बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी कर्जा कारोबारसम्बन्धी सूचना नियमित आदान-प्रदान गर्नुपर्ने उल्लेख छ ।

# स्वास्थ्य बिमाबापत रु एक लाख बराबरको उपचार सेवा यथावत्

काठमाडौँ, २९ माघ (रासस) । स्वास्थ्य बिमा बोर्डले बीमितले पाउँदै आएको रु एक लाखको उपचार सेवा सुविधा नघटाइएको स्पष्ट पारेको छ ।

बिमा गरेबापतको रु एक लाख बराबर उपचार शुल्क यथावत् राखिएको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिनुभयो । उहाँले बीमा कार्यक्रमअन्तर्गत रु तीन हजार ५०० बराबरको योगदान बराबर पाँच जना परिवारले पाउने वार्षिक कुल रु एक लाख बराबरको उपचार सेवाको सीमा यथावत् राखिएको बताउनुभयो ।

बोर्डले रु २५ हजार ओपिडी सेवा र रु ७५ हजार अस्पतालमा भर्ना तथा आकस्मिक सेवाका लागि प्रयोग गर्न सकिने गरी छुट्याइएको सूचना अधिकारी मल्लले बताउनुभयो ।

स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ । यस्तै, थप प्रतिसदस्य रु सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान रहेको छ ।

बोर्डले अनावश्यक रूपमा हुने ओपिडी सेवाको प्रयोग र दोहोरोपन रोक्न तथा गम्भीर, जटिल र ज्यान जोखिममा पर्ने रोगको उपचारका लागि स्रोत सुनिश्चित गर्नका लागि सेवाको रकम छुट्याएकाले सोहीअनुसार प्रयोग गर्न पनि आग्रह गरेको छ । सूचना अधिकारी मल्लले भन्नुभयो,"पाँच जनाको परिवारले वर्षभरिमा बढीमा रु दुई हजार ५०० बराबरको बहिरङ्ग सेवा (ओपिडी) सेवा लिन पाउने व्यवस्था छ । पाँच जनाभन्दा बढी सदस्य भएका प्रतिसदस्यले थप रु पाँच हजार बराबरको ओपिडी सेवा कायम गरिएको छ ।"

हाल स्वास्थ्य बिमाको बजेटको ७० प्रतिशतभन्दा ठूलो हिस्सा सामान्य बिरामीको ओपिडी सेवामा नै खर्च भइरहेको छ । यसले गर्दा परिवारमा कसैलाई गम्भीर रोग लाग्दा वा महँगो शल्यक्रिया आवश्यक पर्दा बिमाको रकम अपर्याप्त हुने र बिरामीको आफ्नै खल्तीबाट ठूलो रकम खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको जानकारहरू बताउँछन् ।

बोर्डका सूचना अधिकारी मल्लले वास्तविक बिरामीको उपचारमा बिमाको रकम खर्च गर्ने उद्देश्यका साथ ओपिडी, अस्पताल भर्ना र शल्यक्रिया जस्ता अलग अलग शीर्षकमा खर्च तोकिएकाले त्यसको पालना गर्न आग्रह गर्नुभयो ।

# बालअधिकारका विषय घोषणापत्रमा समावेश गर्न अनुरोध

काठमाडौँ, २९ माघ (रासस) । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानले बालअधिकारका विषयलाई आफ्ना घोषणापत्रमा समावेश गर्न सबै राजनीतिक दलसमक्ष अनुरोध गरेको छ ।

अभियानले बालअधिकारको रक्षासँग सम्बन्धित विषयलाई घोषणापत्रमा समावेश गर्न ध्यानाकर्षण गराउँदै राजनीतिक दलका प्रतिनिधिलाई २५बुँदे सुझाव हस्तान्तरण गरेको छ । सबै स्थानीय तह, प्रदेश र सङ्घमा बालअधिकार सुनिश्चितताका निम्ति नेपालको संविधान, बालअधिकारसम्बन्धी महासन्धि, १९८९, बालबालिकासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय बालबालिका नीतिको पालनामा अभियानले जोड दिएको छ ।

यसैगरी, बालमैत्री स्थानीय शासन, बालविवाहमुक्त स्थानीय तह, बालश्रममुक्त स्थानीय तह, पोषणयुक्त स्थानीय तह, वातावरणमैत्री स्थानीय तह, बाल हिंसामुक्त स्थानीय तह, सडक बालबालिकामुक्त स्थानीय तह निर्माणका साथै बालबालिकाको हकहित र अधिकारको सुनिश्चितता गर्ने विषयलाई प्राथमिकतामा राख्न अनुरोध गरिएको छ ।

## *नयाँ-नयाँ ...*

मार्दै मतदाताको घरमा शंख बजाउदै पुग्ने गरेका छन । आफनो पार्टीको चुनाव चिन्ह शंख बोकेर मतदाताको घर/घर पुग्नुलाई उनले दिनचर्या नै बनाएका छन । शंखको आवाज सुनेर घर बाहिर निस्कने मतदातालाई आफुलाई मतदिन आग्रहका साथ उनले नगद ५/१० रुपैया र एक मुट्ठि चामल समेत माग्ने गरेका छन ।

यसरी संकलन भएको रकम र चामललाई विपन्न समुदाय तथा साधु/सन्तलाई वितरण गरेर चुनावमा विजयीका लागी आर्शिवाद थाप्ने गरेको उनको कथन छ । यसरी मत माग्दा चुनाव चिन्हको प्रचार तथा आफनो पक्षमा माहौल बनाउन सहज भएको उनको भनाई छ ।

घरदैलोका क्रममा हाल सम्म नगद २ हजार ५० तथा ५६ किलो चाम संकलन भएको र ती सबै साधु/सन्त तथा विपन्न समुदायमा वितरण गरेको उनले जनाएका छन् ।

आफु जिते मुलुकलाई हिन्दु राष्ट्र बनाउने, मठमन्दिरमा पुजारीलाई तलबको व्यवस्था गर्ने, प्रत्येक घरधुरीलाई सय युनिट सम्मको विधुत निःशुल्क प्रदान गरिने, प्रत्येक विद्यालयमा गुरुकुल शिक्षा र गौशालाको व्यवस्था तथा ज्येष्ठ नागरिकलाई वर्षमा एक पटक निःशुल्क तिर्थाटन गराउने पार्टीको घोषणा पत्रका साथ चुनावी अभियानका उनी लागेका छन् ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शंखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*